# त्रिभुवन विश्वविद्यालय


व्यवस्थापन संकाय

## परीक्षा नियन्त्रण महाशाखा

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
E-mail : fomdean@gmail.com, info@fom.tu.edu.np
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org


व्यवस्थापन संकाय डीनको कार्यालय कीर्तिपुर

मिति:- २०८३।०४।३०

### स्नातक तह दोश्रो तथा चौथोसत्रको नियमित परीक्षा-२०२६ को परीक्षा फाराम भर्ने सूचना
### (सन् २०१९ - सन् २०२५ भर्ना समुहका लागि मात्र)

त्रि. वि. व्यवस्थापन संकाय अन्तर्गत संचालित स्नातक तहका Bachelor of Business Administration (BBA), Bachelor of Information Technology Management (BITM), Bachelor of Information Management (BIM), Bachelor of Business Management (BBM), Bachelor of Public Administration (BPA), Bachelor of Mountaineering Studies (BMS), Bachelor of Business Administration - Finance (BBA-F), Bachelor of Hotel Management (BHM) र Bachelor of Travel and Tourism Management (BTTM) कार्यक्रमका **दोश्रो तथा चौथोसत्रको** नियमित परीक्षा आगामी **२०८३ साल असोज महिनाको दोश्रो सातादेखि** सञ्चालन हुने भएकोले सो परीक्षाको परीक्षा फाराम भर्नेबारे सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

उल्लेखित कार्यक्रम र सत्रको सत्रान्त परीक्षामा सम्मिलित हुन चाहने (सन् २०१९ देखि सन् २०२५ भर्ना समूहमाउल्लेखित कार्यक्रममा भर्ना भएका) परीक्षार्थीहरुले परीक्षा फाराम भरि सम्बन्धित क्याम्पस / कलेजमा मिति २०८३।०५।१५ गतेभित्र (परीक्षार्थीबाट जम्मा भएको शुल्क सोहि दिन बैंक दाखिला वा भोलिपल्ट मिति २०८३।०५।१६ गते बैंक खुलेको पहिलो सत्रमा जम्मा गर्नु पर्ने) र सम्वन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फाराम मिति २०८३।०५।१७ गते भित्र यस डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा अनिवार्यरुपमा तपशिलमा उल्लेखित आवश्यक शुल्क सहित बुझाई सक्नुपर्नेछ।

तपशिल

उल्लेखित कार्यक्रमको **त्रि. वि. सेवाशूल्क बाहेकको** परीक्षा फाराम शूल्क मात्र

**नियमित परीक्षा शूल्क:** प्रति विद्यार्थी प्रति सत्र : रु २५००।-

**आंशिक परीक्षा शूल्क:** प्रति विद्यार्थी प्रति विषय : रु ५००।-

**परीक्षा केन्द्र शूल्क:** प्रति विद्यार्थी प्रति सत्र : रु ४५०।-

**परीक्षा फाराम शूल्क:** प्रति विद्यार्थी प्रति सत्र : रु ५०।-

**विलम्ब शूल्क :** मिति २०८३।०५।१६ देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ।

क्रमश:

CamScanner

# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय

## परीक्षा नियन्त्रण महाशाखा

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
E-mail : fomdean@gmail.com, info@fom.tu.edu.np
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org


व्यवस्थापन संकाय डीनको कार्यालय कीर्तिपुर

मिति:- २०८३ । ०४ । ३०

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको विस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

**नोट:**

*(क)* *दोश्रोसत्रको नियमित परीक्षाहरुको हकमा प्रथमसत्रको प्रवेश पत्र / Result Ledger को फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा दोश्रोसत्रको नियमित र पुन: परीक्षाको Grade Sheet / Ledger को प्रतिलिपी अनिवार्य रुपमा फाराम संगै सलग्न गरी पठाउनुपर्ने अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ख)* *चौथोसत्रको नियमित परीक्षाहरुको हकमा तेश्रोसत्रको प्रवेश पत्र / Result Ledger को फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा चौथोसत्रको नियमित र पुन: परीक्षाको Grade Sheet / Ledger को प्रतिलिपी अनिवार्य रुपमा फाराम संगै सलग्न गरी पठाउनुपर्ने अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ग)* *परीक्षा फारम, परीक्षा क्रमाङ्क (Roll Number) सानो देखि ठूलो क्रममा मिलाई सेमेष्टर अनुसारको छुट्टछुट्टै फाईलमा आवश्यक कागजात सहित मिलाएर बुझाउनु पर्नेछ ।*

*(घ)* *परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ ।*

*(ङ)* *परीक्षा रोल नं. र त्रि. वि. दर्ता नं. सहितको परीक्षार्थीहरुको आन्तरिक मुल्याङ्कनको List परीक्षा फाराम संगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फर्म (नियमित र आंशिक दुवै) मा समेत उल्लेख गर्नु पर्नेछ ।* ***आन्तरिक मुल्याङ्कन उल्लेख नभएका परीक्षा फाराम स्विकृत गरीने छैन ।***

*(च)* *परीक्षामा सामेल हुने परीक्षार्थीको परीक्षा रोल नं., त्रि. वि. दर्ता नं. र विषय सहितको विवरण यस कार्यालयको email id: mgmtdean.exam@gmail.com मा Excel file format मा अनिवार्यरुपमा पठाउनुपर्नेछ ।*

*(छ)* *परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-००००९९०६६०००००१ मा जम्मा गरी* ***कार्यक्रम र सत्र अनुसारको छुट्टाछुट्टै सक्कल भैचर*** *परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ ।*

*(ज)* *विद्यार्थी विवरणको Hard Copy लेखा शाखाको लागि १ प्रति र फाराम शाखाको लागि १ प्रति गरि २ प्रति अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।*

...................
डा. भरत राई
सहायक डीन

CS CamScanner